कृषि, उद्योग, व्यापार, पर्यटन, ऊर्जा, सूचना प्रविधि र पूर्वाधार: Smart City वालिङ निर्माणका आधार
वालिङ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
वालिङ, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल
फोन नं.: ०६३-४४०१७७

पत्र सं: ०८१/०८२
च नं:

## तह बृद्धिको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना

सूचना प्रकाशन मिति : २०८२।०३।१८
सूचना नं.: ०२/०८१।८२ (तह वृद्धि)

स्थानीय सेवा (गठन तथा संचालन) ऐन,२०७९ को दफा २७ बमोजिम तह वृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा तपशिल बमोजिमको न्यूनतम सेवा अबधि पुरा भएका र तोकिए बमोजिमको पछिल्ला आर्थिक वर्षको कार्य सम्पादन मूल्याङ्कनमा तोकिए बमोजिमको अंक प्राप्त गरेका कर्मचारीलाई माथिल्लो तह कायम गर्ने प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ । स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा २७ बमोजिमको योग्यता पुरा गरेका तथा दफा ३१ बमोजिमको नकारात्मक सूचिमा नपरेका, तह वृद्धि हुनेभन्दा एक तह मुनिको सम्बन्धित सेवा समुह र उपसमुहको पदमा यस नगर कार्यपालिका कार्यालयमा कार्यरत ईच्छुक स्थायी कर्मचारीहरुले तोकिए बमोजिमको तह वृद्धि फारम २ प्रति भरी (सम्भव भए सम्म नेपाली कागजमा ) यस कार्यालयका प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित गराई मिति २०८२।०३।३२ सम्म प्रशासन शाखामा बुझाउनु हुन सूचित गरिन्छ । म्याद नाघी प्राप्त हुन आएका, अपुग विवरण भरी पेश भएका र तोकिए बमोजिमका कागजात संलग्न नभएका आवेदन माथि कारवाही नगरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

आवश्यक शर्तहरु :

१. स्वास्थ्य सेवा बाहेकका अधिकृत स्तर छैटौं पदमा तह वृद्धिको लागि सहायक स्तर पाँचौं तहको पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्यांकनमा न्युनतम ९५ प्रतिशत औषत अंक प्राप्त गरेको हुनुपर्ने । स्वास्थ्य सेवा तर्फका कर्मचारीको हकमा स्वास्थ्य सेवा ऐन, २०५३ एवं नियमावली २०५५, बमोजिमको सेवा, शर्त र अवधि पुरा भएको हुनु पर्ने सोही बमोजिम स्तरबृद्धिको लागि आवश्यक पर्ने कागजात संलग्न भएको हुनु पर्ने ।
२. गण्डकी प्रदेश स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ बमोजिम तह वृद्धिको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्ने ।
३. आवेदन फारममा निर्दिष्ट गरिएका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ ।
४. आवेदन फारमका साथ तह वृद्धि हुने पदभन्दा एक तह मुनिको पद वा श्रेणीमा भएको स्थायी नियुक्ति पत्रको प्रतिलिपि, कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम यस कार्यालयमा समायोजन भएको समायोजन पत्रको प्रमाणित प्रतिलिपि २/२ प्रति र गण्डकी प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ बमोजिम नकांरात्मक सूचीमा नपरेको भनि उम्मेदवार स्वयंले स्वघोषणा गरी पेश गर्नु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत